*(२०७४ बैशाख ३१ गते (१४ मे, २०१७) पहिलो चरणको स्थानीय तह निर्वाचन सम्पन्न भइसकेको र २०७४ असार १४ (२८ जुन २०१७) मा सम्पन्न भइसकेको छ । अब तेस्रो चरणको 'स्थानीय तह निर्वाचन' को तयारीका विषयमा माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले २०७४ भदौ २० गते मङ्गलबार (सेप्टेम्बर ५, २०१७) निर्वाचन आयोगको मिडिया सेन्टरमा आयोजित पत्रकार सम्मेलनमा दिनुभएको वक्तव्य) ।*

**आदरणीय मतदाता आमा-बुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**

१. संविधानसभाबाट जारी 'नेपालको संविधान' ले व्यवस्था गरेबमोजिम सातवटा प्रदेश र ७७ जिल्लाका ७५३ वटा स्थानीय तहमध्ये पहिलो चरणमा २०७४ वैशाख ३१ गते प्रदेश नम्बर ३, ४ र ६ का ३४ जिल्लाका २८३ वटा स्थानीय तह र दोस्रो चरणमा प्रदेश नम्बर १, ५ र ७ का ३५ जिल्लाका ३३४ गरी जम्मा ६१७ वटा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । पहिलो र दोस्रो चरणको निर्वाचनलाई सफल बनाउन हरतरहले सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, राजनीतिक दल, उम्मेद्वार, सुरक्षा निकाय, निर्वाचनमा खटिएका कर्मचारी, आमसञ्चार माध्यम, मतदातालगायत सबैमा आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

२. अब तेस्रो चरणको निर्वाचनअन्तर्गत प्रदेश नम्बर दुईका आठ जिल्लाका १३६ वटा स्थानीय तहमा असोज २ गते मतदान हुँदैछ । सो प्रयोजनका लागि भोलि अर्थात् २०७४ भदौ २१ गते उम्मेदवारी मनोनयन दर्ता कार्यक्रम रहेको यहाँहरुलाई अवगत नै छ । उम्मेदवारी दर्ताको सम्पूर्ण तयारी पूरा भएको समस्त मतदाता, आम जनता, राजनीतिक दल र सरोकारवालाहरूलाई अवगत गराउन चाहन्छु । यस निर्वाचनमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १३६ वटा स्थानीय तहमा निर्वाचन हुँदैछ । यो निर्वाचनबाट ६ हजार ६२७ जना प्रतिनिधिहरु निर्वाचित हुने छन् । यसका लागि दुई हजार १६६ मतदान स्थलमा तीन हजार ५७८ मतदान केन्द्र रहने छन् भने मतदान कार्यमा सुरक्षाकर्मीबाहेक ३१ हजार ५०० जना कर्मचारी खटिने छन् ।

३. खाद्यान्नको भण्डारभूमि मधेसमा हालै गएको भीषण बाढी, डुबान र कटानबाट यस क्षेत्रका अधिकांश बासिन्दा कष्टकर जीवन बिताउन बाध्य हुनुभएको छ । ठूलो जनधनको क्षतिको पीडा दुई नम्बर प्रदेशका जनताले पनि भोग्नु परेको छ । धेरै सडक, कल्भर्ट र पुलमा क्षति हुँदा आवागमनमा समेत अवरोध सिर्जना भएपछि निर्वाचन आयोगले सवारी सञ्चालन गर्ने व्यवस्थाका लागि सरकारलाई लिखित निर्देशन दिएको म यहाँ स्मरण गराउन चाहन्छु । सरकारले बाटो घाटो निर्माण कार्यमा देखाएको तीव्र सक्रियताका कारण निर्वाचन प्रयोजनका लागि समेत आवात जावत सहज हुन गएको छ । यसका लागि आयोग नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छ ।

४. पहिलो चरणको निर्वाचनमा २८३ स्थानीय तहका विभिन्न पदमा गरी १३ हजार ५५६ पदका लागि ४९ हजार ३३७ जना उम्मेदवारले प्रतिस्पर्धा गर्नुभएको थियो भने दोस्रो चरणमा ३३४ स्थानीय तहका विभिन्न पदमा गरी १५ हजार ३८ पदका लागि ६२ हजार २४० उम्मेदवार चुनावी मैदानमा हुनुहुन्थ्यो । दुई चरणको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले आ-आफ्नो जिम्मेवारी सुरु गरिसक्नु भएको छ । अब तेस्रो चरणको प्रदेश नम्बर दुई रहेका १३६ स्थानीय तहका विभिन्न पदमा गरी ६ हजार ६२७ पदका लागि समेत पहिले जस्तै शान्ति र सौहार्द्धपूर्ण वातावरणमा व्यापक सहभागिता रहने अपेक्षा आयोगले गरेको छ । यस निर्वाचनमा सबै राजनीतिक दलहरूले निर्वाचन सहभागी हुने अठोट व्यक्त गर्नुभएको छ, यो आयोगका लागि अत्यन्तै हर्षको विषय भएको छ । सहज राजनीतिक वातावरण सिर्जना भएबाट बैशाख ३१ मा एकै चरणमा गर्ने भनिएको निर्वाचन चरणबद्धरुपमा गर्नुको उद्देश्यसेमत पूरा भएको छ । तसर्थ यस निर्वाचनलाई जनप्रतिनिधि चयन गर्ने उत्सवका रूपमा लिन सबै मतदाता महानुभावसँग म हार्दिक अनुरोध गर्दछु ।

५. संविधानसभाबाट बनेको नेपालको संविधानलाई कार्यान्वयनको क्रममा तेस्रो चरणको ऐतिहासिक निर्वाचन अन्तर्गत भोलि २०७४ भदौ २१ गते बुधबार उम्मेदवारको मनोनयन दर्ता गर्ने दिन हो । निर्वाचन आयोग सम्पूर्ण राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरुलाई उत्साहपूर्वक उम्मेदवारी विभिन्न पदमा दर्ता गर्न हार्दिक आह्वान गर्दछ । तपाई महिला, दलित, अल्पसङ्ख्यकलगायत सबै उम्मेदवारको मनोनयन दर्ताका लागि आयोगबाट खटिनुभएका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतहरूले सम्पूर्ण व्यवस्थापन गरिसक्नु भएको छ । उम्मेदवारी दर्ताका लागि सम्बन्धित स्थानीय तहको निर्वाचन अधिकृतको कार्यालयमा भोलि २१ गते बुधबार बिहान १० देखि ५ बजेसम्म समय तोकिएको जानकारी गराउँछु ।

**आदरणीय मतदाता आमा-बुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**

६. नेपालको संविधान तथा स्थानीय तह निर्वाचन ऐन २०७३ ले व्यवस्था गरेअनुसार स्थानीय तहको निर्वाचनमा महिलाको प्रतिनिधित्वलाई सबैभन्दा बढी प्राथमिकतामा राखिएको छ । दलका तर्फबाट उम्मेदवारी दिँदा नगरपालिकाको प्रमुख/उपप्रमुख तथा गाउँपालिका अध्यक्ष/उपाध्यक्षमध्ये ५० प्रतिशत महिला उम्मेदवार हुनैपर्ने प्रावधानलाई राजनीतिक दलहरूले उत्साहपूर्वक लिनुभएको छ । कानुनीरुपमै वडा तहमा ४० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । महिला, दलित, अल्पङ्ख्यकलगायतले उम्मेदवारी मनोनयन गर्नका लागि आवश्यक पर्ने दस्तुरमा ५० प्रतिशत छुट दिने व्यवस्था रहेको छ । संघीय संरचनाअनुसार स्थानीय तहको निर्वाचन भई अब बन्ने स्थानीय सरकार तपाईको घर छेउको सरकार हुने छ । यसरी बन्ने

सरकारमा महिला, दलित, अल्पसङ्ख्यकसहितको समावेशी प्रतिनिधित्व रहने छ । बाढी, डुबान र कटानबाट पीडितको पुनर्स्थापना र त्यस क्षेत्रको विकासका लागि स्थानीय सरकारका जनप्रतिनिधि निर्वाचित भएपछि थप सहज हुने छ । संघीयता र समावेशीलगायतका संविधानमा समेटिएका जनताका चाहनालाई साकार पार्नका लागि आगामी निर्वाचनमा तराई-मधेसका मतदाताको उत्साहजनक सहभागिता रहनेमा आयोग विश्वस्त रहेको छ ।

७. राजनीतिक दल तथा स्वतन्त्र उम्मेवारहरुले निर्धक्क साथ उम्मेदवारी दर्ता गराउनु होला । यदि कोही कसैबाट उम्मेदवारी मनोनयन दर्ता कार्यमा अवरोध सिर्जना गर्ने, भड्काउने, बाधा व्यवधान खडा गर्ने क्रियाकलाप भएमा निर्वाचनमा खटिएका सुरक्षाकर्मीले त्यस्ता कार्यलाई तदारुकताका साथ निरुत्साहित गरी शान्ति सुरक्षा कायम गर्ने कुरामा आयोग विश्वस्त रहेको छ । मनोनयन दर्ता कार्यलाई सुव्यवस्थित र मर्यादत तरिकाले अगाडि बढाउन आयोग सबै मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र सुरक्षा निकायलाई निर्देशन गर्दछ ।

८. स्थानीय तह निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय बनाउनका लागि निर्वाचन आयोगले लागू गरेको निर्वाचन आचारसंहिता २०७२ तथा स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ लाई पूर्णरुपमा पालना गर्न र गराउन सम्बन्धित सबै निकायलाई आयोग निर्देशन दिन चाहन्छ । आयोगले आचारसंहिता पालना गर्न र गराउन कठोर निर्णय लिनु परे पनि कानुनको परिधिभित्र रहेर निर्णय गर्ने छ । गैर कानुनी ढंगले कुनै उम्मेदवारी दिए पनि आयोगले छानबिन गरी त्यस्ता उम्मेदवारको उम्मेदवारी नै रद्द गर्न सक्ने अधिकार कानुनले आयोगलाई दिएको छ । तसर्थ आयोग यसतर्फ सबै राजनीतिक दल र उम्मेदवारको ध्यानाकर्षण गराउन चाहन्छ ।

९. आचारसंहिता अनुगमनका लागि माननीय निर्वाचन आयुक्तको संयोजकत्वमा केन्द्रीयस्तरमा गठित निर्वाचन आचारसंहिता अनुगमन समिति क्रियाशील रहेको छ । यसैगरी, माननीय आयुक्तहरुको नेतृत्वमा उच्चस्तरीय अनुगमन टोली र नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारीको नेतृत्वमा खटिएको टोली अनुगमन कार्यमा जुटिरहेको छ । त्यस्तै, आयोगले निर्वाचनसम्बन्धी विवाद हेर्न निर्वाचन विवाद निरुपण समिति गठन गरेको छ । जिल्लामा प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र जिल्ला निर्वाचन कार्यालयलगायतले पनि आचारसंहिता पालनाको अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । जिल्लामा उजुरी परेर त्यहाँ टुङ्गो नलागेका विषयलाई केन्द्रमा पठाइने छ र उक्त समितिले आवश्यक निर्णय गर्ने छ । प्रचारप्रसारको कार्य अनुगमन गर्न सहसचिवस्तरीय अनुगमन टोली प्रत्येक जिल्लामा दुई दुई जनाको दरले स्थलगत रूपमै अनुगमन गर्ने व्यवस्था गरिएको छ । यस्ता टोलीले आचारसंहिता पालनाको अनुगमन गर्ने छ र आचार संहिता उल्लङ्घन गरेको पाएमा तत्कालै जरिवानासमेत गर्न सक्ने कानूनी व्यवस्था छ । निर्वाचन आचारसंहिताको पूर्ण पालना सबै पक्षबाट हुने विश्वास आयोगले लिएको छ । साथै आयोगले आठवटै जिल्लामा उम्मेदवारले गर्ने प्रचार प्रसार र निर्वाचन खर्चको अनुगमन गर्न ५० जना सूक्ष्म अनुगमनकर्ता खटाउने व्यवस्था मिलाएको छ ।

१०. संवैधानिक व्यवस्थाबमोजिम महिला, दलित र अल्पसङ्ख्यकको प्रतिनिधित्व सुनिश्चित गर्न मतदाता शिक्षालाई व्यापकरुपमा लैजानुपर्ने भएकाले आम मतदाताका अतिरिक्त महिला, दलित, अल्पसंख्यक समुदायका उम्मेदवारलाई लक्षित गरेर मतदाता शिक्षा कार्यक्रम अगाडि बढाइएको छ । मतदाता शिक्षालाई प्रभावकारी बनाउन तालिमप्राप्त मतदाता शिक्षा कार्यकर्तालाई घरघरमा पुग्ने व्यवस्था गरिएको छ । तेस्रो चरणको निर्वाचनमा प्रदेश नम्बर दुईका प्रत्येक मतदान केन्द्रमा कम्तीमा एक जना मतदाता शिक्षा कार्यकर्ताको दरले तीन हजार पाँच सय कर्मचारीलाई मतदाता शिक्षाका सामग्रीसहित परिचालन गरिएको छ । राष्ट्रिय तथा स्थानीय समाचार माध्यमहरु छापा, रेडियो, टेलिभिजन, एफ. एम. रेडियोमा स्थानीय भाषाहरुमा समेत मतदातासँग सम्बन्धित सूचना तथा सन्देशहरू प्रकाशन तथा प्रसारण भइरहेको छ । सडक नाटक र केही स्थानमा नमूना मतदान कार्यक्रमसमेत व्यापकरुपमा सञ्चालन भइरहेका छन् । मतदाता शिक्षालाई बढी प्रभावकारी बनाउन आम सञ्चारमाध्यम, राजनीतिक दल, उम्मेदवारहरूबाट पनि पर्याप्त सहयोग हुने विश्वास आयोगले लिएको छ ।

**आदरणीय मतदाता बुबा-आमा, दिदीबहिनी तथा दाजुभाइहरू,**

११. सरकारले पहिलो तथा दोस्रो चरणको निर्वाचनको अनुभवलाई समेत ध्यानमा राखेर तेस्रो चरणको निर्वाचनको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी र निर्वाचन मैत्री बनाउन कुनै कसर बाँकी राख्ने छैन भन्ने अपेक्षा आयोगले राखेको छ । नेपाल सरकारले स्थानीय तह निर्वाचनका लागि तीन तहको सुरक्षा व्यवस्था गरेकाले सो योजनाको वास्तविकरुपमा कार्यान्वयन गरी सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउन निर्वाचन आयोग सबै सुरक्षा निकायलाई निर्देशन दिन चाहन्छ । साथै निर्वाचनमा सुरक्षाको पूर्ण प्रत्याभूति रहने गरी सरकारले निर्वाचन आयोगलाई विश्वस्त तुल्याएको व्यहोरा जानकारी गराउँछु । निर्वाचनमा खटिनुभएका समस्त कर्मचारीहरूले उच्च मनोबलका साथ तोकिएको जिम्मेवारीलाई कसैले प्रश्न उठाउन नसक्ने गरी पूरा गर्नु हुने नै छ ।

१२. स्थानीय तहको निर्वाचन पर्यवेक्षणका लागि आयोगले राष्ट्रिय पर्यवेक्षकहरूलाई अनुरोध गर्ने नीति अगाडि सारे अनुसार तेस्रो चरणको निर्वाचनमा पर्यवेक्षणका लागि आयोगले ४४ वटा संस्थाका करिब दुई हजारभन्दा बढी पर्यवेक्षकलाई निर्वाचन पर्यवेक्षणको अनुमति दिइसकेको छ । पहिलो र दोस्रो चरणमा जस्तै तेस्रो चरणको स्थानीय तह निर्वाचनमा नेपालमा रहेका विदेशी

कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिलाई प्रदेश नम्बर दुईका जनकपुर, बर्दिबास, बीरगन्ज र सिमरामा मतदानको दिन अवलोकन भ्रमण गराउने तयारी भइरहेको छ ।

**आदरणीय पत्रकार मित्रहरू,**

१३. निर्वाचनमा आमसञ्चारका माध्यमको भूमिका अत्यन्त महत्वपूर्ण रहँदै आएको छ । संविधानले प्रेसलाई पूर्ण स्वतन्त्रता प्रदान गरेको छ । तसर्थ पूर्ण स्वतन्त्रताको उपभोग गरेका समाचार माध्यमले दिने समाचार सामग्रीबाट आम मतदाता लाभान्वित हुने छन् भन्ने आयोगले विश्वास लिएको छ । राष्ट्रिय तथा स्थानीय समाचार माध्यमले निर्वाचनको संवेदनशीलतालाई मनन गरी आयोग, जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत, मतदान अधिकृत र सुरक्षा निकायबाट पुष्टि भएका समाचार प्रकाशन र प्रशारण गरेर सहयोग गर्दै आउनु भएको छ । त्यस्तै सहयोग दुई नम्बर प्रदेशको निर्वाचनमा पनि तपाई पत्रकार मित्रहरुबाट रहोस् भन्ने म हार्दिक अनुरोध गर्दछु ।

१४. प्रदेश नम्बर २ का आठ जिल्लाका १३६ वटै स्थानीय तहका उम्मेदवार, सबै मतदाता र राजनीतिक दलहरुलाई भोलि भदौ २१ गते बुधबार उम्मेदवारी मनोनयन दर्ता कार्यक्रममा उत्साहपूर्वक सहभागी हुन आयोगको तर्फबाट म पुनः हार्दिक अपील गर्दछु । साथै मनोनयन कार्यलाई व्यवस्थित र शान्तिपूर्ण बनाउन सम्पूर्ण सरोकारवालासँग निर्वाचन आयोग विनम्र अनुरोध छ ।

धन्यवाद